# अर्जुनचौपारी गाउँपालिका

## गाउँ कार्यपालिकाको बैठक

बैठक सं. ५०
मितिः २०८२/१०/१६

<u>एजेण्डाहरु:</u>

१. समीक्षा सम्बन्धमा।
२. शिक्षा सुधार कार्यक्रम सम्बन्धमा।
३. १९०७ एरिना क्रिकेट ग्राउण्ड सम्बन्धमा।
४. सार्वजनिक निर्माण/सम्पत्ति मर्मत सम्भार सम्बन्धमा।
५. प्रतिनिधि सभा निर्वाचन सम्बन्धमा।
६. जलाधार तथा डढेलो नियन्त्रण सम्बन्धमा।
७. विविध।

**निर्णय नं. १**

प्रस्ताव नं. १ माथि छलफल गर्दा खुमा अर्याल फाउन्डेसन, स्याङ्जा र अर्जुनचौपारी गाउँपालिकाको संयुक्त आयोजना एवम् गण्डकी मेडिकल कलेज, पोखराको प्राविधिक सहयोगमा मिति २०८२/०९/०५ गते सञ्चालन गरिएको विशेषज्ञ चिकित्सक सहितको बृहत् स्वास्थ्य शिविर कार्यक्रम जनस्वास्थ्य प्रवर्द्धनका दृष्टिले अत्यन्त प्रभावकारी रहेको हुँदा आगामी आर्थिक वर्षहरूमा समेत यस्ता स्वास्थ्य शिविर कार्यक्रमहरूलाई निरन्तरका लागि आवश्यक व्यवस्था मिलाउने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. २**

प्रस्ताव नं. २ माथि छलफल गर्दा अर्जुनचौपारी गाउँपालिकाभित्रको शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने उद्देश्यले शिक्षा सुधार कार्यक्रम सञ्चालनका लागि विद्यालयहरूको भौतिक तथा शैक्षिक अवस्था सुधार, शिक्षकको क्षमता विकास, विद्यार्थीको सिकाइ उपलब्धि सुधार तथा विद्यालय व्यवस्थापनलाई प्रभावकारी बनाउने कार्यका लागि आवश्यक योजना तर्जुमा गरी चरणबद्ध रूपमा कार्यान्वयन गर्ने साथै सम्बन्धित विद्यालय एवम् सरोकारवाला निकायहरूसँग आवश्यक समन्वय र सहकार्य गरी कार्यक्रम सञ्चालन गर्ने सर्वसम्मत निर्णय गरियो।

धन बहादुर गुरुङ
प्रवक्ता

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा अर्जुनचौपारी गाउँपालिकाभित्र रहेको १९०७ एरिना क्रिकेट ग्राउण्डको स्तरोन्नति तथा प्रभावकारी उपयोग सुनिश्चित गर्ने उद्देश्यले आवश्यक पूर्वाधार सुधार तथा व्यवस्थापन सम्बन्धी कार्यहरू चरणबद्ध रूपमा सञ्चालन गर्ने, खेलकुद गतिविधि प्रवर्द्धन गर्न सम्बन्धित खेलकुद संघ/समिति तथा सरोकारवाला निकायहरूसँग आवश्यक समन्वय एवम्

सहकार्यमा गरी क्रिकेट ग्राउण्डको नियमित सञ्चालन र व्यवस्थापनका लागि आवश्यक प्रबन्ध मिलाउने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा अर्जुनचौपारी गाउँपालिका भित्र रहेका सार्वजनिक निर्माण तथा सार्वजनिक सम्पत्तिहरूको संरक्षण, दिगो उपयोग तथा सेवा प्रवाहलाई प्रभावकारी बनाउने उद्देश्यले तत्काल मर्मत सम्भार गर्नुपर्ने तपसिल बमोजिमका योजनाहरूको मर्मत सम्भार "निर्मित सार्वजनिक सम्पत्ति मर्मत सम्भार खर्च" शीर्षकबाट आवश्यक बजेट व्यवस्था गरी कार्यान्वयनमा ल्याउने सर्वसम्मत निर्णय गरियो।

तपसिलः

| सि.नं. | योजनाको नाम | बजेट | कैफियत |
|---|---|---|---|
| १. | अर्जुनचौपारी प्रहरी चौकी मर्मत | १०० | |
| २. | झौलुङ्गे पुल जाली | १०० | |
| ३. | दरौं स्वास्थ्य चौकी मर्मत | १०० | |

**निर्णय नं. ५**

प्रस्ताव ५ माथि छलफल गर्दा मिति २०८२ फाल्गुण २१ गते सम्पन्न हुन गइरहेको प्रतिनिधि सभा निर्वाचनलाई स्वतन्त्र, निष्पक्ष, भयरहित तथा शान्तिपूर्ण वातावरणमा सम्पन्न गराउने उद्देश्यले निर्वाचन आयोग, जिल्ला प्रशासन कार्यालय, सुरक्षा निकाय तथा सम्बन्धित सरोकारवाला निकायहरूसँग आवश्यक समन्वय र सहकार्य गर्ने, निर्वाचन आचारसंहिता पूर्णरूपमा पालना गराउने तथा शान्ति-सुरक्षा, अनुशासन र सुव्यवस्था कायम राख्न आवश्यक सहयोग र सहजीकरण गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा अर्जुनचौपारी गाउँपालिकाभित्र रहेका जलाधार क्षेत्रको संरक्षण, पुनःस्थापना तथा दिगो व्यवस्थापन गर्दै वन डढेलोबाट हुन सक्ने क्षतिलाई न्यूनीकरण गर्ने उद्देश्यले जलाधार तथा डढेलो नियन्त्रण कार्यक्रम सञ्चालन गर्ने, जोखिमयुक्त क्षेत्र पहिचान गरी पूर्वतयारी तथा सचेतना कार्यक्रम सञ्चालन गर्ने, सम्बन्धित वन कार्यालय, सुरक्षा निकाय, सामुदायिक वन उपभोक्ता समूह तथा सरोकारवाला निकायहरूसँग आवश्यक समन्वय र सहकार्य गर्ने, साथै आवश्यक उपकरण, जनशक्ति तथा स्रोतसाधनको व्यवस्थापन गर्ने सर्वसम्मत निर्णय गरियो।

धन बहादुर गुरुङ
प्रवक्ता

# अर्जुनचौपारी गाउँपालिका

## गाउँ कार्यपालिकाको बैठक

बैठक सं. ५०
मितिः २०८२/१०/१६

**निर्णय नं. ७**

प्रस्ताव नं. ७ (क) माथि छलफल गर्दा अर्जुनचौपारी गाउँपालिकाभित्रका सम्पूर्ण वडामा जग्गा वर्गीकरण सम्बन्धी कार्य सम्पन्न भएकोमा केही वडाहरूमा जग्गा वर्गीकरण हुन छुट भएकोमा छुट भएका तपसिल बमोजिमका जग्गाहरूलाई वर्गीकरणका लागि सम्बन्धित निकायमा पेश गर्ने सर्वसम्मत निर्णय गरियो।

**तपसिलः**

| सि.नं. | साविक गा.वि.स | वडा नं | | कित्ता नं | भएको किसिम | हुनुपर्ने किसिम | आधार |
|---|---|---|---|---|---|---|---|
| | | हाल | साविक | | | | |
| १ | दरौं | ६ | ९ | ७८२ | वर्गीकरणमा छुटेको | कषि | आवसको लागि उपयुक्त नरहेको |
| २ | अर्जुनचौपारी | २ | ६ | १२९५<br>१२९७ | वर्गीकरणमा छुटेको | कषि | आवसको लागि उपयुक्त नरहेको |
| ३ | अर्जुनचौपारी | १ | १ | ५८७,५८९,५२,<br>११२,१६०,१८<br>३,८६,८७ | वर्गीकरणमा छुटेको | कृषि | आवसको लागि उपयुक्त नरहेको |
| ४ | अर्जुनचौपारी | १ | २ | १२९२ | वर्गीकरणमा छुटेको | कृषि | आवसको लागि उपयुक्त नरहेको |
| ५ | अर्जुनचौपारी | २ | ६ | १८२० | वन | आवस | अर्जुनचौपारी - लामडाँडा सडक बाट १०० मि भित्रको कित्ता व्यक्तिगत लालपुर्जा कायम रहेको |
| ६ | अर्जुनचौपारी | १ | ५ | ५८६४ | वर्गीकरणमा छुटेको | आवस | अर्जुनचौपारी सडक बाट १०० मि भित्रको कित्ता,हाल आवस रहेको |
| ७ | दरौं | ६ | १ | ९०२,१४७८ | वर्गीकरणमा छुटेको | कृषि | आवसको लागि उपयुक्त नरहेको |

धन बहादुर गुरुङ
प्रवक्ता

# अर्जुनचौपारी गाउँपालिका

## गाउँ कार्यपालिकाको बैठक

अर्जुनचौपारी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय अर्जुनचौपारी, स्याङ्जा गण्डकी प्रदेश, नेपाल २०७३

बैठक सं. ५०
मितिः २०८२/१०/१६

**निर्णय नं. ७**

प्रस्ताव नं. ७ (ख) माथि छलफल गर्दा खुमा अर्याल फाउन्डेसनको आयोजना, पुतलीबजार नगरपालिकाको सह-आयोजना तथा स्याङ्जा जिल्ला क्रिकेट संघको प्राविधिक सहयोगमा पुतलीबजार नगरपालिका वडा नं. १, मालेबगर खेलमैदानमा मिति २०८२ साल माघ २ गतेदेखि १० गतेसम्म सञ्चालन भएको प्रथम जिल्ला स्तरीय अन्तरपालिका खुमा अर्याल कप T–20 क्रिकेट लिग रनिङ शिल्ड प्रतियोगितामा यस गाउँपालिकाबाट पुरुष क्रिकेट टिमका खेलाडीहरू छनौट गरी सहभागी गराउँदा जम्मा रु. २,२०,४२९।-(अक्षरूपी दुई लाख बीस हजार चार सय उनन्तीस मात्र) खर्च भएको हुँदा उक्त रकम गाउँपालिका/जिल्लास्तरीय खेलकुद कार्यक्रम र युवा लक्षित कार्यक्रम/प्रतिभा पहिचान कार्यक्रम शीर्षकबाट खर्च लेखी उक्त खर्च अनुमोदन गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ७**

प्रस्ताव नं. ७ (ग) माथि छलफल गर्दा ठेक्का नं. ACRM/NCB/WRD/13/081/082 अर्जुनचौपारी पहुँच मार्ग (वडा नं. १ देखि ६ का) योजनाका लागि अर्जुनचौपारी गाउँपालिका वडा नं. १ स्थित बसपार्कमा वेश सामाग्री कुटने ज क्रसर सञ्चालनका गर्न पाउँ भनी श्री पोखरा मनोज टुडे जे.भि.ले यस कार्यालयमा निवेदन पेश गरेको हुँदा वातावरणीय असर नपर्ने गरी उक्त स्थानमा जे क्रसर सञ्चालनका लागि अनुमति प्रदान गर्ने सर्वसम्मत निर्णय गरियो।

धन बहादुर गुरुङ
प्रवक्ता

**निर्णय नं. ७**

प्रस्ताव नं. ७ (घ) माथि छलफल गर्दा अर्जुनचौपारी गाउँपालिका वडा नं. ४ निवासी ठग बहादुर दमैको आमा ना.प्र. नं. ९८७७ को प्याउलि दमैको असामयिक निधन भएको साथै निजको परिवारको आर्थिक अवस्था कमजोर भएको हुँदा निजको काजकिरियाका लागि आर्थिक सहयोग उपलब्ध गरिदिनु हुन भनी सम्बन्धित वडा कार्यालयबाट सिफारिस प्राप्त भएकोले निजको काजकिरियाका लागि शैक्षिक संस्था, गैर सरकारी संस्था, धार्मिक तथा सांस्कृतिक र अन्य सहायता सम्बन्धी कार्यविधि, २०७६ बमोजिम उद्धार, राहत तथा पुनःस्थापना शीर्षकबाट रु. १५,००० (अक्षरेपी रू. पन्ध्र हजार मात्र) आर्थिक सहयोग प्रदान गर्ने सर्वसम्मत निर्णय गरियो।

# अर्जुनचौपारी गाउँपालिका

## गाउँ कार्यपालिकाको बैठक

बैठक सं. ५०
मितिः २०८२/१०/१६

**निर्णय नं. ७**

प्रस्ताव नं. ७ (ङ) माथि छलफल गर्दा अर्जुनचौपारी गाउँपालिका वडा नं. ४ निवासी विशाल दर्जीको आमा ना.प्र. नं. ४२३०४९/१०१ की सीता दर्जीको उपचारको क्रममा पश्चिमाञ्चल क्षेत्रीय अस्पताल पोखरामा असामयिक निधन भएको साथै निजको परिवारको आर्थिक अवस्था कमजोर भएको हुँदा निजको काजकिरियाका लागि आर्थिक सहयोग उपलब्ध गरिदिनु हुन भनी सम्बन्धित वडा कार्यालयबाट सिफारिस प्राप्त भएकोले निजको काजकिरियाका लागि शैक्षिक संस्था, गैर सरकारी संस्था, धार्मिक तथा सांस्कृतिक र अन्य सहायता सम्बन्धी कार्यविधि, २०७६ बमोजिम उद्धार, राहत तथा पुनःस्थापना शीर्षकबाट रु. १५,००० (अक्षरेपी रू. पन्ध्र हजार मात्र) आर्थिक सहयोग प्रदान गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ७**

प्रस्ताव नं. ७ (च) माथि छलफल गर्दा अर्जुनचौपारी गाउँपालिका वडा नं. ४ निवासी सुनविर वि.क.को श्रीमती ना.प्र.नं. ४२३०४९/१४२ का देवी कुमारी वि.क. फोक्सो, मृगौला सम्बन्धी रोगले ग्रसित भई पश्चिमाञ्चल क्षेत्रीय अस्पताल पोखरामा उपचारार्थ रहेको साथै निजको परिवारको आर्थिक अवस्था कमजोर रहेको हुँदा निजको उपचारको लागि आर्थिक सहयोग उपलब्ध गरिदिनु हुन भनी सम्बन्धित वडा कार्यालयबाट सिफारिस प्राप्त भएकोले निजको उपचारका लागि शैक्षिक संस्था, गैर सरकारी संस्था, धार्मिक तथा सांस्कृतिक र अन्य सहायता सम्बन्धी कार्यविधि, २०७६ बमोजिम उद्धार, राहत तथा पुनःस्थापना शीर्षकबाट रु. १०,००० (अक्षरेपी रू. दश हजार मात्र) आर्थिक सहयोग प्रदान गर्ने सर्वसम्मत निर्णय गरियो।

धन बहादुर गुरुङ
प्रवक्ता

**निर्णय नं. ७**

प्रस्ताव नं. ७ (छ) माथि छलफल गर्दा अर्जुनचौपारी गाउँपालिका वडा नं. ३ निवासी लक्ष्मीपति काफ्लेका छोरा ना.प्र.नं. ५६९ का चोक प्रसाद काफ्ले घाँस काट्ने क्रममा भिरबाट लडेर गम्भीर घाइते भई मेरुदण्ड भाँचिई हाल पश्चिमाञ्चल क्षेत्रीय अस्पताल पोखरामा उपचाररत रहेको साथै निजको परिवारको आर्थिक अवस्था कमजोर रहेको हुँदा निजको उपचारको लागि आर्थिक सहयोग उपलब्ध गरिदिनु हुन भनी सम्बन्धित वडा कार्यालयबाट सिफारिस प्राप्त भएकोले शैक्षिक संस्था, गैर सरकारी संस्था, धार्मिक तथा सांस्कृतिक तथा अन्य सहायता सम्बन्धी कार्यविधि,

# अर्जुनचौपारी गाउँपालिका

## गाउँ कार्यपालिकाको बैठक

बैठक सं. ५०

मितिः २०८२/१०/१६

२०७६ बमोजिम अन्य सामाजिक सहायता शीर्षकबाट निजको उपचारार्थ रु. १५,०००/- (अक्षरेपी रु. पन्ध्र हजार मात्र) आर्थिक सहयोग प्रदान गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ७**

प्रस्ताव नं. ७ (छ) माथि छलफल गर्दा अर्जुनचौपारी गाउँपालिकाले सञ्चालन गरेको नवग्रह कृषि फर्मको प्रभावकारी सञ्चालन, कृषि उत्पादनको गुणस्तर अभिवृद्धि तथा प्राविधिक सेवाको नियमितता सुनिश्चित गर्न आवश्यक प्राविधिक जनशक्ति व्यवस्थापन गर्नु उपयुक्त देखिएको हुँदा प्रचलित कानुन बमोजिम स्वीकृत कार्यक्रम तथा बजेटको परिधिभित्र रही दैनिक ज्यालादारीमा आवश्यक योग्यता पुगेको प्राविधिक कर्मचारी नियुक्ति गर्ने सर्वसम्मत निर्णय गरियो।

धन बहादुर गुरुङ
प्रवक्ता

धन बहादुर गुरुङ
प्रवक्ता